# बागमती प्रदेश सरकार
## हेटौंडा, नेपाल

मितिः २०८२।१२।२४
बैठक सङ्ख्याः ७ (२०८२।०८३)

<u>सचिव बैठकका निर्णयहरु</u>

१) गत भाद्र २३ र २४ गतेको आन्दोलनको क्रममा क्षति भएका मेसिन उपकरण, सवारी साधन, भवन तथा अन्य पूर्वाधारहरुको अभिलेख बमोजिम लिलाम गर्नु पर्ने भएमा लिलाम तथा मिनाहा गर्नु पर्ने भएमा मिनाहाको प्रकिया अविलम्ब अगाडि बढाउने। भौतिक संरचनाको हकमा भौतिक पूर्वाधार विकास मन्त्रालयले कुन भवन बनाउने, कुन मर्मत गर्ने, कुन नयाँ बनाउने अथवा नबनाउने भन्ने आगामी आ.व. को बजेट निर्माण प्रक्रिया सुरु हुनु अगावै एकिन गरेर कुन कुन भवनको लागि बजेट विनियोजन गर्नु पर्ने हो सो को तयारी गर्ने। सम्बन्धित सचिवहरुले तीन लाख सम्मको आफूले मिनाहा गर्नु पर्ने विषय गर्ने, प्रमुख सचिवको समितिमा ल्याउनु पर्ने भए एक महिना भित्र प्रक्रिया सकेर ल्याउने। यो एक महिना भित्र पुरा गरेर ल्याउन नसक्ने भएमा सो को कारण जनाकारी गराउने। अर्को सचिव बैठकमा त्यसको बारेमा समीक्षा गर्ने,

२) चालु आ.व. को बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने। त्यसका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर/स्रोतान्तरको विषयमा अविलम्ब निर्णय गरेर सहजीकरण गर्ने। सचिवहरुले मातहतका निकायहरुले गरेका कार्यहरुको नियमित अनुगमन गर्ने। कार्यान्वयन गर्न सकिने कार्यहरु सबै अगाडि बढाउने। कार्यान्वयन गर्न नसकिने र न्यून विनियोजन भएका कार्यक्रमहरुलाई चैत महिना भरिमा बजेट तथा कार्यक्रम समर्पण गर्ने। त्यसका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको परिपत्र बमोजिम गर्ने,

३) बेरुजु फछ्र्यौटलाई सबै सचिवहरुले प्राथमिकतामा राख्ने। त्यसको लागि मासिक लक्ष्य निर्धारण गरेर, लक्ष्य अनुसारको बेरुजु फछ्र्यौटको कार्य अगाडि बढाउने। कम्तिमा त्रैमासिक रुपमा कति बेरुजु फछ्र्यौट गर्ने भन्ने लक्ष्य निर्धारण गर्ने र सो अनुरुपको प्रगति पठाउने व्यवस्था गर्ने,

४) यातायात व्यवस्था कार्यालयबाट प्रवाह हुने सेवाको हकमा बिचौलियाको भूमिका शून्य बनाउने। त्यहाँबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने सन्दर्भमा प्रत्यक सेवाग्राहिले कसैबाट सेवा लिए बापत (कार्यालयलाई बुझाउन पर्ने राजस्व बाहेक) इजाजत प्राप्त लेखनदास लगायत सहजीकरण गर्ने वर्गसँग सेवा लिने अवस्था भएमा कुन कुन सेवाको कति शुल्क तिर्नु पर्ने भन्ने कुरालाई दररेट तोक्ने प्रक्रिया अगाडि बढाउने। पहिले आएकालाई पहिले सेवा (First Come First Service) दिने खालका निष्पक्ष रुपमा सेवा दिने विषयलाई प्रभावकारी गराउने। कुन कुन कामको लागि कति सेवा शुल्क तोक्न उपयुक्त हुन्छ त्यसको मस्यौदा श्रम तथा यातायात मन्त्रालयले तयारी गरेर पेश गर्ने र त्यसलाई निर्णय प्रक्रियामा लगि टुङ्गोमा पुऱ्याउने। खासगरी सेवा प्रवाहमा निष्पक्षता कायम गर्ने कुरा र जथाभावी शुल्क

क्रमशः...

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

...राम अधिकारी
प्रमुख सचिव

लिन नपाउने विषयलाई सुनिश्चित गर्ने। बिचौलियाहरुलाई प्रवेश निषेध गर्ने। सेवाग्राही र कार्यालयको बीचमा सेवा प्रवाहलाई सहजीकरण गर्ने वैधानिक समूह/व्यक्तिहरुलाई कार्यालयको कुन कक्ष अथवा कुन स्थान सम्म प्रवेश गर्न दिने भन्ने कुराको एकिन गरेर त्यो भन्दा भित्र जान नदिने व्यवस्था गर्ने। कार्यालायको अभिलेख तथा कागजातमा अनधिकृत व्यक्तिको पहुच हुने विषयलाई तत्काल रोक्ने। फाइल, कागजात तथा अभिलेख कर्मचारीको मात्र पहुँच वा नियन्त्रणमा सुरक्षित रुपमा राख्ने व्यवस्था सुनिश्चित गर्ने/गराउने,

५) आगामी वर्षको नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने बुदाहरु आ-आफ्नो कार्यक्षेत्र सँग सम्बन्धित विषयमा मस्यौदा गरेर, राजनीतिक नेतृत्व माननीय मन्त्रीलाई देखाएर मुख्यमन्त्री कार्यालयले पत्राचार गरेको बैशाख ५ भित्र पठाउने। नीति तथा कार्यक्रम प्रस्ताव गर्दा त्यसलाई बजेट तथा कार्यक्रमले सम्बोधन गर्ने कुरालाई सुनिश्चित गरेर मात्र अगाडि बढाउने। नीति तथा कार्यक्रमको बुदाहरु कम गर्ने तर त्यसमा अनिवार्य रुपमा बजेट विनियोजन हुने कुरा सुनिश्चित गर्ने। यदि नीति तथा कार्यक्रममा समावेश भएर पछि बजेट तथा कार्यक्रममा समावेश नहुने अवस्था सिर्जना भएमा सम्वन्धित मन्त्रालयलाई जिम्मेवार बनाईने भएकाले त्यस विषयलाई ध्यान दिने। अव्यवहारिक र अनावश्यक नारा नलेख्ने,

६) हालै मुख्यमन्त्री कार्यालयबाट परिपत्र भए बमोजिम विदाको दिनमा सवारी साधन प्रयोग गर्दा अनिवार्य रुपमा पास लिएर प्रयोग गर्ने। सकभर एउटा सवारी साधन प्रयोग गरेर हुने हकमा दुई तीनवटा प्रयोग नगर्ने। मितव्ययी हुन प्रयत्न गर्ने। चलाएका सवारी साधनको लग बुक कायम गर्ने। सवारी प्रयोग गर्ने पदाधिकारीहरुले लग बुक प्रमाणित गर्ने र नियमन गर्ने जिम्मेवारी भएको पदाधिकारीले अनुगमन/नियमन गर्ने,

७) अहिले भएको परिवर्तन र जनताको भावना अनुरुप सुशासन, पारदर्शिता कायम गर्ने कुरामा लागि रहने। Reform Everyday भन्ने सिद्धान्तमा बसेर जे जे सुधार गर्न सकिन्छ ती सुधारहरुमा निरन्तर लागिरहने। रचनात्मक हुने, क्रियाशिल हुने लगायतका कार्यहरु गर्ने। नयाँ र नवप्रवर्तनकारी (Innovative) कार्यहरुको विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराउने र सचिव बैठकमा यस्तो विषयमा छलफल र प्रोत्साहन गर्ने।

[illegible]ुराम अधिकारी
प्रमुख सचिव